apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २५५ ● पृष्ठः ४ ● १४ असोज २०८३ बुधबार (30 September 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

## सुखीपुरका प्रहरी प्रमुखमाथि तस्करीमा संरक्षणको आरोप, अनुसन्धानका लागि जिल्ला तानिए

शुभ नारायण कामती
सिरहा, असोज १३ गते




इलाका प्रहरी कार्यालय सुखीपुरका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक (वरिष्ठ सई) अमिरी यादवमाथि तस्करीमा संलग्न व्यक्तिसँग रकम लिएर संरक्षण गरेको तथा विभिन्न मुद्दामा पक्राउ परेका सवारीसाधनका पार्टपुर्जा अनधिकृत रूपमा खोलाएर बिक्रीवितरण गरेको आरोप लागेको छ । आरोप सार्वजनिक भएपछि यादवलाई आवश्यक अनुसन्धान तथा सोधपुछका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा तानिएको छ।

तस्करीमा संलग्न रहेको बताउने एक महिलाले सोमबार पत्रकार सम्मेलन गरी वरिष्ठ सई यादवले आफूहरूबाट मासिक रकम लिने गरेको र रकम बुझाउने व्यक्तिलाई सीमावर्ती क्षेत्रमा सामान ओसारपसार गर्न सहजता उपलब्ध गराउने गरेको आरोप लगाइन् । पछिल्लो समय नियमित रूपमा रकम बुझाउँदै आएका भनिएका एक व्यक्तिको सामान प्रहरीले नियन्त्रणमा लिएपछि आफूले घटना सार्वजनिक गरेको उनले बताइन्।

ती महिलाका अनुसार प्रत्येक महिनाको २० गते इलाका प्रहरी कार्यालय सुखीपुरमा घुमुवाका रूपमा कार्यरत कुशेश्वर साहमार्फत वरिष्ठ सई यादवका लागि १० हजार रुपैयाँ र आफूले एक हजार रुपैयाँ लिने गरिएको थियो। उक्त रकम तस्करीका सामान ओसारपसारमा सहजता उपलब्ध गराउने प्रयोजनका लागि लिने गरिएको उनको दाबी छ।

यस्तै, विभिन्न मुद्दामा पक्राउ परेका मोटरसाइकल तथा अन्य सवारीसाधनबाट बाहिरका मिस्त्री बोलाएर पार्टपुर्जा तथा अन्य सामान खोलाई बिक्रीवितरण गर्ने गरेको आरोपसमेत यादवमाथि लागेको छ।

आरोप सार्वजनिक भएपछि वरिष्ठ सई यादवलाई जिल्ला प्रहरी कार्यालय सिरहामा तानिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक वासुदेव पाठले पुष्टि गरे । उनका अनुसार आरोपबारे आवश्यक बुझाइ तथा अनुसन्धानका लागि यादवलाई

बाँकी पृष्ठ ३

## मधेश प्रदेशका आठ जिल्लाका ट्राफिक प्रमुखहरूसँग कार्यसम्पादन करार सम्झौता



अपन दैनिक संवाददाता
सिमरा, असोज १३ गते

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय मधेश प्रदेशका प्रमुख एवम् ट्राफिक प्रहरी उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतले मातहतका आठवटै जिल्लाका ट्राफिक प्रमुखहरूसँग मंगलबार वार्षिक कार्यसम्पादन करार सम्झौता गरेका छन्। पथलैयास्थित प्रदेश कार्यालयमा प्रदेश प्रमुख बस्नेत र जिल्लाका ट्राफिक प्रहरी निरीक्षकहरूबीच आर्थिक वर्ष २०८३/८४ को सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

ट्राफिक प्रहरी उपरीक्षक बस्नेतले बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका प्रमुखहरूसँग ट्राफिक प्रहरीको दायित्व र भूमिकालाई अझ बढी

बाँकी पृष्ठ २

## धमाधम मल भित्रिन थालेपछि वीरगन्जमा गोदाम भरिए

अपन दैनिक संवाददाता
पर्सा, असोज १३ गते



भारतबाट सरकार-सरकार (जिटुजी) प्रक्रियामार्फत खरिद गरिएको रासायनिक मल ठूलो परिमाणमा वीरगन्ज नाकाबाट भित्रिन थालेपछि कृषि सामग्री कम्पनी मधेश प्रादेशिक कार्यालय वीरगन्जलाई मल भण्डारण गर्न समस्या भएको छ। पछिल्लो तीन सातायता ठूलो परिमाणमा युरिया र डिएपी मल भित्रिएपछि कम्पनीका वीरगन्जस्थित सबै गोदाम भरिएका छन्।

गोदाम भरिएपछि कम्पनीले गण्डक नहर पश्चिमतर्फ एउटा गोदाम भाडामा लिएर मल भण्डारण गर्न थालेको छ। कार्यालयका निमित्त प्रमुख दिनेश शर्माका अनुसार कम्पनीको वीरगन्जस्थित आफ्नै कार्यालय परिसरको गोदाम, भुटनदेवीस्थित गोदाम र नेसनल ट्रेडिङको गोदाम भाडामा लिएर मल भण्डारण हुँदै आएको छ।

'हाम्रा सबै गोदाम भरिइसकेका छन् । थप मल पनि निरन्तर आइरहेकाले गण्डक नहर पश्चिम एउटा गोदाम भाडामा लिएर भण्डारणको व्यवस्था गरेका छौं,' शर्माले भने।

सरकारले जिटुजी प्रक्रियामार्फत

बाँकी पृष्ठ ३

## सिरहामा सशस्त्र प्रहरीले एकै दिन साढे १६ लाखका अवैध सामान बरामद



अपन दैनिक संवाददाता
सिरहा, असोज १३ गते

सिरहाका विभिन्न सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले एकै दिन १६ लाख ५० हजार ४ सय ६३ रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार सोमबार नेपालबाट भारततर्फ लैजाँदै गरेको तथा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा विभिन्न सीमा क्षेत्रबाट ती सामान बरामद गरिएको हो।

बरामद सामानमा लत्ताकपडा, मोटरसाइकल, किराना सामग्री, सुर्ती, कस्मेटिक सामग्री, खेलौना, हार्डवेयरका सामान, पेय पदार्थ, मदिरा, चस्मा, मोटर पार्ट्स, चकलेट, फोटो फ्रेम तथा औषधिलगायत छन्।

बरामद गरिएका सामान आवश्यक कारबाहीका लागि नियमानुसार सिरहा भन्सार कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

एसपी थापाका अनुसार चालु आर्थिक

बाँकी पृष्ठ ४

## लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न पत्रकार महासंघ मधेशको माग

अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज १३ गते



नेपाल पत्रकार महासंघ मधेश प्रदेशले सञ्चारमाध्यमका लागि विनियोजन गरिएको लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न मधेश प्रदेश सरकारसँग माग गरेको छ।

महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जाराको नेतृत्वमा गएको टोलीले अर्थमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदै चालु आर्थिक वर्ष २०८३/०८४ मा आमसञ्चार प्राधिकरणअन्तर्गत लोककल्याणकारी विज्ञापनका लागि विनियोजित बजेट यथावत् राख्न माग गरेको हो।

प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा बजेट शीर्षक नम्बर २२३२३ अन्तर्गत लोककल्याणकारी विज्ञापनका लागि ७० लाख रुपैयाँ विनियोजन गरेको थियो । तर, वित्तीय समायोजनका नाममा उक्त बजेटको ५० प्रतिशत रोकिएपछि सञ्चारमाध्यमका लागि ३५ लाख रुपैयाँ मात्र उपलब्ध हुने अवस्था आएको महासंघले जनाएको छ।

महासंघले विज्ञापन बजारमा आएको कमी तथा बढ्दो आर्थिक संकटका कारण सञ्चारमाध्यम सञ्चालनमा चुनौती थपिएको जनाएको छ। आर्थिक संकटकै कारण कतिपय पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइन सञ्चारमाध्यम बन्द भइसकेको र केही बन्द हुने अवस्थामा पुगेको महासंघको भनाइ छ।

लोकतन्त्र, गणतन्त्र र संघीयताका लागि भएका आन्दोलनमा सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै महासंघले

बाँकी पृष्ठ २




## कमला नदीमा नुहाउने क्रममा बेपत्ता चालकको खोजीमा गोताखोर टोली परिचालन

अपन दैनिक संवाददाता
सिरहा, असोज १३ गते



सिरहाको कल्याणपुर नगरपालिका-६, भोक्राहास्थित कमला नदीमा नुहाउने क्रममा चार दिनअघि बेपत्ता भएका एक चालकको खोजीका लागि सशस्त्र प्रहरीको गोताखोर टोली परिचालन गरिएको छ।

मकवानपुरको मकवानपुरगढी गाउँपालिका-५ का करिब ४५ वर्षीय गोविन्दराज दुलाल शनिबार बिहान करिब ९:५५ बजे कमला नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका थिए। भोक्राहामा पक्की पुल निर्माण गरिरहेको इलाइट कन्स्ट्रक्सन काठमाडौंमा उनी सवारी चालकका रूपमा कार्यरत रहेको सशस्त्र प्रहरीले जनाएको छ।

दुलाल बेपत्ता भएको जानकारी

बाँकी पृष्ठ ४

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### सामाजिक सुरक्षा भत्तामा ढिलाइ किन ?

सामाजिक सुरक्षा भत्ता राज्यले आफ्ना नागरिकप्रति निर्वाह गर्नुपर्ने दायित्वअन्तर्गत प्रदान गर्ने सहायता हो । विशेषगरी ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति तथा अन्य लक्षित वर्गका लागि यो रकम दैनिक जीवन धान्ने महत्वपूर्ण आधार हो। तर यही रकम महिनौंसम्म रोकिँदा राज्यको सामाजिक सुरक्षा प्रणाली र स्थानीय तहको सेवा प्रवाहमाथि गम्भीर प्रश्न उठ्नु स्वाभाविक हो । सिरहाको सुखीपुर नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ को अन्तिम किस्ताको सामाजिक सुरक्षा भत्ता लामो समयसम्म वितरण हुन नसकेपछि लाभग्राही आन्दोलनमा उत्रिनुपर्ने अवस्था आएको छ। करिब छ महिनासम्म भत्ता नपाउँदा ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति तथा अन्य लक्षित वर्गका नागरिकले घरायसी खर्चदेखि औषधि उपचारसम्ममा समस्या भोग्नुपरेको गुनासो गरेका छन् । राज्यले संरक्षण गर्नुपर्ने वर्ग नै आफ्नो अधिकारका लागि नगरपालिका कार्यालयमा धर्ना बस्नुपर्ने अवस्था आफैंमा दुःखद छ।

नगरप्रमुख राम औतार यादवले भुक्तानी रोकिएको कारण 'केही प्राविधिक त्रुटि' भएको दावी गरेका छन्। दुई आर्थिक वर्षको भत्ता एकैपटक वितरण गर्ने प्रतिबद्धता पनि सार्वजनिक गरिएको छ । प्राविधिक त्रुटि भएको भए त्यसको समाधानका लागि महिनौंसम्म किन प्रभावकारी पहल हुन सकेन ? नागरिकको खातामा पुग्नुपर्ने रकम रोकिँदा सम्बन्धित निकायले लाभग्राहीलाई समयमै जानकारी किन गराएन ? र, यस्तो समस्या आउन नदिन स्थानीय तहमा रहेको प्रशासनिक संयन्त्रले आफ्नो जिम्मेवारी किन पूरा गर्न सकेन ? 'प्राविधिक त्रुटी एउटा कारण हुन सक्छ, तर त्यसलाई नागरिकले भोग्नुपर्ने आर्थिक पीडाको औचित्य बनाउन सकिँदैन् । प्रशासनिक कमजोरी, प्रणालीगत समस्या वा अन्य कुनै कारणले राज्यको दायित्व पूरा हुन नसकेको अवस्थामा जिम्मेवार पदाधिकारीले त्यसको समाधान खोज्नुपर्छ । कारण देखाएर जिम्मेवारीबाट पन्छिनु स्थानीय सरकारको सुशासनको मर्मसँग मेल खाँदैन । दुर्भाग्यवश, यो समस्या सुखीपुरमा मात्र सीमित छैन् । सिरहा जिल्लाका १७ वटै स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाइ, प्राविधिक समस्या, विवरण अद्यावधिकमा कमजोरी वा प्रशासनिक प्रक्रियाका कारण लाभग्राहीले समयमा रकम नपाउने समस्या पटक-पटक दोहोरिने गरेको छ । संघीय सरकारले सामाजिक सुरक्षाका लागि उपलब्ध गराएको रकम लक्षित नागरिकसम्म समयमै पुऱ्याउने जिम्मेवारी स्थानीय तहको प्रशासनिक संरचनासँग जोडिएको हुन्छ । त्यसैले भुक्तानीमा हुने अनावश्यक ढिलाइलाई सामान्य प्रशासनिक कमजोरीका रूपमा लिन मिल्दैन् ।

स्थानीय तहका जनप्रतिनिधि नागरिकसँग प्रत्यक्ष जोडिएका सरकार हुन्। त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत स्थानीय प्रशासनको नेतृत्व गर्ने जिम्मेवार अधिकारी हुन् । सामाजिक सुरक्षा भत्ताजस्तो संवेदनशील विषयमा दुवै पक्षले आफ्नो जिम्मेवारी स्पष्ट रूपमा निर्वाह गर्नुपर्छ। जनप्रतिनिधिले समस्या आएपछि मात्र प्रतिक्रिया दिने होइन, भुक्तानी प्रक्रिया नियमित र व्यवस्थित छ कि छैन भनेर निगरानी गर्नुपर्छ। प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित कर्मचारीले प्रचलित प्रक्रिया पूरा गरी रकम समयमै लाभग्राहीको खातामा पुग्ने व्यवस्था मिलाउनुपर्छ। अझ महत्वपूर्ण कुरा, सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या देखिएमा त्यसको कारण र समाधानको समयसीमा नागरिकलाई स्पष्ट रूपमा जानकारी गराइनुपर्छ । कुन प्रक्रियामा समस्या आयो, कसले समाधान गर्ने हो, कहिलेसम्म रकम खातामा पुग्छ भन्ने विषय स्थानीय तहले सार्वजनिक गर्नुपर्छ। राजनीतिक दल वा कुनै समूहले आन्दोलन गर्नु आफैंमा समस्याको समाधान होइन । तर नागरिकको जायज माग उठेपछि त्यसलाई राजनीतिक गतिविधिका रूपमा चित्रण गरेर पन्छिनु पनि उचित हुँदैन् । कार्यालय सञ्चालनमा अवरोध नहोस् भन्ने जिम्मेवारी आन्दोलनकारीको हो भने नागरिकको जायज गुनासो समयमै सम्बोधन गर्ने जिम्मेवारी स्थानीय सरकारको हो । दुवै पक्षले आफ्नो जिम्मेवारी बुझ्न आवश्यक छ ।

सामाजिक सुरक्षा भत्ता कुनै दया वा उपकार होइन, राज्यले तोकेको सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत लाभग्राहीले प्राप्त गर्ने अधिकार हो । त्यसैले रकम समयमै उपलब्ध गराउनु स्थानीय तहको प्राथमिक जिम्मेवारी बन्नुपर्छ । एउटै समस्या वर्षौं दोहोरिरहने तर हरेकपटक प्राविधिक समस्या वा प्रक्रियागत ढिलाइ भन्दै उम्किने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सिरहाका १७ वटै पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीको तत्काल समीक्षा गर्नुपर्छ। कहाँ र किन ढिलाइ हुन्छ भन्ने पहिचान गरी जिम्मेवारी तोकिनुपर्छ। भुक्तानी प्रक्रियाको नियमित अनुगमन, लाभग्राहीको विवरण अद्यावधिक, बैंक तथा सम्बन्धित निकायसँग प्रभावकारी समन्वय र समस्या आएमा तत्काल समाधान गर्ने संयन्त्र निर्माण गर्नुपर्छ। नागरिकले आफ्नो अधिकार पाउनका लागि नगरपालिका धाउनुपर्ने, धर्ना बस्नुपर्ने वा आन्दोलन गर्नुपर्ने अवस्था आउनु स्थानीय सरकारको सफलताको संकेत होइन । संघीयताको वास्तविक अर्थ नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा दिनु हो। त्यसैले सामाजिक सुरक्षा भत्ताजस्तो संवेदनशील विषयमा हुने ढिलाइलाई सामान्य घटना होइन, स्थानीय सरकारको जवाफदेहितासँग जोडिएको विषयका रूपमा लिनुपर्छ । ज्येष्ठ नागरिकको औषधि, एकल महिलाको घरखर्च र अपांगता भएका नागरिकको दैनिक आवश्यकता महिनौंसम्म रोकिएको रकमसँग जोडिएको हुन्छ। उनीहरूको खातामा समयमै पुग्नुपर्ने रकम रोकिँदा त्यसको असर कागजमा होइन, वास्तविक जीवनमा पर्छ । त्यसैले अब सिरहाका स्थानीय तहले सामाजिक सुरक्षा भत्ता समयमै, नियमित र सहज रूपमा लाभग्राहीको खातामा पुग्ने सुनिश्चितता गर्नुपर्छ।

# रोजगार र रोजगारदाता छनौट गर्ने स्वतन्त्रता बढाउन

## आर्थिक सवलीकरणमा जोड



**अपन दैनिक संवाददाता**
**सप्तरी, असोज १३ गते**

प्रायः भूमिहीन सुकुम्बासीको रुपमा रहेका दलित समुदायका हरवा चरवा मजदूरहरुको रोजगार र रोजगारदाता छनौट गर्ने स्वतन्त्रता बढाउन बैकल्पिक रोजगारी र आयआर्जनमार्फत आर्थिक सवलीकरणमा जोड दिइएको छ।

सप्तरीको छिन्नमस्ता र विष्णुपुर गाउँपालिकामा छुट्टाछुट्टै रुपमा आयोजित पालिका स्तरीय 'हरवा चरवा मजदूरहरुको रोजगार र रोजगारदाता छनौट गर्ने स्वतन्त्रता बढाउन उनीहरुको जागरुकता अभियान' कार्यक्रममा सहभागी जनप्रतिनिधि र सरोकारवालाहरुले परम्परागत खेती प्रणाली भत्किदै कृषि उपकरणमार्फत खेती गर्न थालिएकाले हरवा चरवा मजदूरहरुको बैकल्पिक रोजगारी र आयआर्जनका काम गरिनु पर्ने औंल्याए । आर्थिक र सामाजिक रुपले गरिबी, अभावमा बाँचिरहेकाले उनीहरु सामान्य घरायसी कामका लागि समेत गाउँका गिरहत मालिकबाट ऋण लिनुपर्ने बाध्तामा रहेको र त्यही ऋणको चङ्गुलमा पुस्तौं पुस्तासम्म फसेकाले उनीहरुको काम गर्ने स्वतन्त्रता समेत खोसिएको बताए ।

कार्यक्रममा न्यायिक समितिकी संयोजक समेत रहेकी गाउँपालिका उपाधयक्ष राजुदेवी यादवले महिला अगाडि बढ्न पुरुषको पनि भूमिका रहने चर्चा गर्दै आफ्नो अधिकारका लागि स्वयम् अगाडि बढ्न आग्रह गरिन् । 'गाउँ बस्ती लक्षित कार्यक्रमहरु गरौं' उनले भनिन् 'हवा चरवा कृषि मजदूरहरुका लागि पालिकाले पनि स्रोतले भ्याएसम्म बजेटसहित योजना बनाउँछ ।'

छिन्नमस्ता गाउँपालिका ६ का वडाधयक्ष कपलेश्वर साहले मजदूरी गरेर परिवारको जीविका चलाउँदै आएका हरवा चरवा कृषि मजदूरहरुलाई सचेत र अधिकारको विषयमा बुझाउन यस्तो खालका कार्यक्रम प्रभावकारी हुने औंल्याए । 'संघीय सरकारले तोकेको ज्याल दिन तयषर छौं' उनले भने 'तर काम गराउनेलाई पनि ज्याला अनुसारको काम गरेर दिनु पर्‍यो नि' उनले भने 'प्रायः खेती गर्ने बेलामा मा काममा लगाइने कृषि मजदूरहरुको काम कृषि उपकरणको बढ्दो प्रयोगले खोस्दै गएकाले बैकल्पिक जीविकोपार्जन सम्बन्धी काम गर्न जरुरी देखेको छु ।' त्यसका लागि थोरै लगानीका घरेलु उद्योग स्थापान गरी संचालनको योजना बनाउन आग्रह गर्दै उनले पालिका र वडा कार्यालयल पनि त्यसमा सघाउने उल्लेख गरे ।

गाउँपालिकाका सल्लाहकार तेजनारायण यादवले गाउँपालिकाको रोजगार शाखाले खालेका बेरोजगार सूचीमा सामेल हुन हरवा चरवाहरु छुटेको बताए । 'त्यस्तो समयमा फर्म भरेको भए कम्तिमा पालिकाकले स्थानीय श्रमिक परिचालन गरी संचालन गर्ने विभिन्न योजनाका कामहरुमा सहभागी हुने अवसर त छुट्दैनथ्यो' उनले भने 'तथापि रोजगार शाखामा आएको १० लाख रुपैयाँ बजेट छ, हरवा चरवा महिला कृषक समूहले सामूहिक लसुन खेतीका लागि प्रस्तावनासहित निवेदन दिए त्यसको लागि सहजीकरण गरिदिन सक्छौं ।' हरवा चरवाहरुले सामूहिक रुपमा उत्पादन गरेको लसुन बिक्री गर्न पालिकाले नै बजारीकरणका लागि पहल गरिदिने उनको धारणा थियो ।

हरवा चरवा कृषि श्रमिक तथा आश्रित परिवारलाई श्रम अधिकार सम्बन्धी जानकारी दिँदै उनीहरुको रोजगारी, रोजगारदाता छनौटका लागि मानवअधिकार, संवैधानिक तथा कानुनी अधिकार, आर्थिक तथा श्रम शोषण, जातीय छुवाछूत र भेद्भाव विरुद्ध कानुनी व्यवस्था लगायतका विषयमा जागरुक गर्न द फ्रिडम फण्डको सहयोगमा लहानस्थित दलित जनकल्याण युवा क्लवद्वारा आयोजित कार्यक्रममा हरवा चरवा अधिकार मञ्चका केन्द्रीय महासचिव लागिन्द्र सदाले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उदेश्यको विषयमा प्रष्ट्याएका थिए । मञ्चका जिल्ला अध्यक्ष देवलाल रामको अध्यक्षता र आशा विश्वकर्माको उद्घोषणमा सम्पन्न कार्यक्रमको दोस्रो सत्रमा अधिवक्ता ध्रुव मण्डल तथा पत्रकार मणिलाल विश्वकर्माले हरवा चरवा तथा कृषि मजदूर सम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था, स्थानीय सरकार संचालन ऐन, निःशुल्क कानुनी प्रकृया र निकाय, भूमिहीनता र आवास सम्बन्धी व्यवस्थाका लागि नीतिगत र कानुनी व्यवस्था, हरवा चरवाले गर्नुपर्ने काम लगायतका बारेमा बिस्तृत छलफल चलाएका थिए ।

त्यस्तै, विष्णुपुर गाउँपालिका ३ मुसहर्नियाँमा आयोजित कार्यक्रममा विष्णुपुर ३ का वडाध्यक्ष राजेन्द्र प्रसाद सदायले हरवा चरवा, कृषि मजदूरहरुको हक अधिकारका लागि वडा कार्यालयले पनि काम गरिरहेको बताए । प्रायः असुरक्षित बसोवास र सेवा सुविधाबाट बञ्चित दलित समुदायका हरवा चरवाको मानवीय विकास, सामाजिक विकासका लागि वडा कार्यालयले पनि काम गरिरहेको जानकारी दिँदै उनले भने 'शिक्षा, स्वास्थ्य, रोजगारी,सुरक्षित बसोवासका लागि सामाजिक संघ संस्थाहरुको समन्वयमा काम गर्दैछौं ।'

विष्णुपुर गाउँपालिका ४ कनकट्टाका पूर्व वडाध्यक्ष दिनेशकुमार यादवले अफू पूर्व जनप्रतिनिधि भएपनि आफ्नो वडा क्षेत्रमा रहेका दलित, हरवा चरवाको हक अधिकारको लागि लडिरहेको बताए । 'हरवा चरवाको उठीबास विरुद्ध सधैं लड्दै आएको छु' उनले भने 'उनीहरुको सामाजिक अधिकारका लागि लड्नु पर्ने र बोल्नु पर्ने ठाउँमा सदैव सँगसँगै रहने छु ।'

## लोककल्याणकारी विज्ञापनको बजेट ...............

सञ्चार क्षेत्रलाई थप संकटमा पर्न नदिन प्रदेश सरकारले विनियोजित बजेट कटौती रोक्नुपर्ने माग गरेको छ।

त्यस्तै, पत्रकारिता क्षेत्रको समयानुकूल विकास तथा संस्थागत सुदृढीकरणका लागि स्थापना भएका मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणलाई प्रभावकारी बनाउन विनियोजित बजेट कटौती नगरी आवश्यकताअनुसार थप बजेट व्यवस्था गर्नसमेत महासंघले माग गरेको छ।

अध्यक्ष बञ्जाराले सञ्चार क्षेत्रको संस्थागत विकास तथा सञ्चारमाध्यमको निरन्तरताका लागि प्रदेश सरकारले आवश्यक कदम चाल्नुपर्ने बताए।

ज्ञापनपत्र बुझाउने क्रममा महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, मधेश प्रदेशका उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र क्रान्ति, सचिव हदिश खुद्दार, सदस्य त्रिलोकीनाथ यादव तथा नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतलगायत पदाधिकारीको उपस्थिति थियो।

## मधेश प्रदेशका आठ जिल्लाका ट्राफिक ............

प्रभावकारी, पारदर्शी तथा जनमुखी बनाउने प्रतिबद्धतासहित सम्झौता गरेका हुन्। सम्झौतापत्रमा शासकीय सुधार, शान्ति सुरक्षा कायम, अपराध नियन्त्रण, विपद् व्यवस्थापन तथा सडकमा प्रभावकारी ट्राफिक व्यवस्थापनका विषयलाई प्राथमिकता दिइएको छ।

कार्यक्रममा ट्राफिक प्रहरी उपरीक्षक बस्नेतले गत आर्थिक वर्षको लक्ष्य तथा प्रगतिहरूको समिक्षा गर्दै नयाँ आर्थिक वर्षका लागि सुम्पिएको जिम्मेवारी थप कुशलताका साथ पूरा गर्न निर्देशन दिएका थिए। ट्राफिक प्रहरी उपरीक्षक बस्नेतले जिम्मेवार, अनुशासित र उत्तरदायी भएर सम्झौताका शर्त र प्रतिबद्धताहरूलाई पूर्ण रूपमा पालना गर्न आग्रह गरेका छन्।

कार्यक्रममा मधेश प्रदेश कार्यालयका प्रवक्ता एवम् ट्राफिक प्रहरी नायब उपरीक्षक नवराज न्यौपाने, प्रदेश कार्यालयका ट्राफिक प्रहरी निरीक्षक रमेश राई, बाराका ट्राफिक प्रहरी निरीक्षक हरि भट्टराई, पर्साका दीपेन्द्र श्रेष्ठ, रौतहटका राजेन्द्र थापा मगर, सर्लाहीका झलक शर्मा, महोत्तरीका बाबुराम कार्की, धनुषाका खगेन्द्र दाहाल, सिरहाका नवीन मरासैनी र सप्तरीका उमेशमान अमात्यको उपस्थिति रहेको थियो।

अपन दैनिक
- ग्राहक बन्नु परेमा ।
- नवीकरण गर्नु परेमा ।
- ठेगाना परिवर्तन भएमा ।
- पत्रिका नियमित नआएमा ।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## आजको राशिफल

**मेष :** आज शुभ समय रहेको छ। प्राविधिक र सृजनात्मक सफलता मिल्नेछ।

**बृष :** विवाद हुने रहेपनि त्यदिउँसोबाट विद्या र बुद्धिले गरेको कामबाट राम्रो लाभ मिल्ने समय छ।

**मिथुन :** ताकेका काममा बाधा हुनेछ। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन ।

**कर्कट :** नयाँ काममा हात हाल्ने समय छ। आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।

**सिंह :** आर्थिक पक्ष सुदृढ बन्नेछ । कानुनी वा प्रतियोगितात्मक क्रियाकलापमा विजय प्राप्त हुनेछ।

**कन्या :** कृषिक्षेत्रमा भने अलि बढी परिश्रम र लगानी गर्नुपर्ला । नयाँ कारोबार वा साथीभाइबाट बढी फाइदा लिने समय छ।

**तुला :** मिहिनेत आफूले गर्नुपर्ने तर जस अर्कैले पाउने कमजोर दिन छ।

**वृश्चिक :** पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । पढाइलेखाइमा प्रगति हुनेछ।

**धनु :** परिवारजनको साथले नयाँ आशा पलाउनेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ।

**मकर :** दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने देखिन्छ। आम्दानी प्रशस्तै बढ्नेछ।

**कुम्भ :** सङ्कटको सामना गर्दै उपलब्धी हासिल गर्नु पर्नेछ। व्यवहारिक काममा यात्रा गर्नुपर्ने हुन सक्छ।

**मीन :** नयाँ काम सुरु गर्ने समय छ । व्यापारमा मनग्ये धनलाभ हुनेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# निजामती विधेयक कस्तो बनेर जाँदैछ संसद?

## ३०/५५ को व्यवस्था कायमै, पेन्सन सुविधामा केही हेरफेर

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १३ गते**

सरकारले संघीय निजामती सेवा विधेयकलाई ३० वर्ष सेवा अवधि वा ५५ वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश हुने व्यवस्था कायमै राखेर संसदमा पठाउने भएको छ।

मंगलबार बसेको मन्त्रिपरिषद बैठकले विधेयक संसदमा पठाउन स्वीकृति दिएको हो। लोकसेवा आयोगको रायलाई हेरर पेन्सन सुविधामा भने केही हेरफेर गरिएको स्रोतले बताएको छ।

सुरुमा सामान्य प्रशासन मन्त्रालयबाट उठान भएको विधेयक कानुन मन्त्रालय हुँदै लोकसेवा आयोग पुगेको थियो। लोकसेवाको रायपछि फेरि सामान्य प्रशासन मन्त्रालय फर्किएको थियो।

मन्त्रालयले त्यसपछि विधेयक मन्त्रिपरिषद पठाएको थियो। मन्त्रिपरिषदले मंगलबार संसदमा लैजान स्वीकृति दिएको हो। विधेयक उठानदेखि संसदमा जाने स्वीकृति हुने क्रमसम्म केही प्रावधानमा निकै परिवर्तन गरिएको छ।

सरकारको उच्च स्रोतका अनुसार संसदमा पठाउन स्वीकृति दिएको विधेयकमा ३० वर्ष सेवा अवधि वा ५५ वर्ष उमेर पुगेपछि एक पटकका लागि अनिवार्य अवकाश दिने व्यवस्था कायमै राखिएको छ।

सचिवको पदावधि तीन वर्ष कायम गरिएको छ। मुख्यसचिवको पदावधि दुई वर्ष रहने व्यवस्था गरिएको छ।

यो व्यवस्था लागु भएपछि अहिले कार्यरत धेरै सचिव एकै पटक सेवाबाट बाहिरिने छन्। ५५ वर्ष उमेर हद र ३० वर्ष सेवाका साथै सचिवको ३ वर्ष कार्यकाल एकै पटक लागू गर्दा अर्थ, गृह, परराष्ट्र, कानुन लगायत अधिकांश मन्त्रालयका सचिव प्रभावित हुने छन्।

असोज १ गतेसम्मको विवरणका आधारमा तीनवटै व्यवस्था एकै पटक लागु भए संसद तथा न्याय सेवासहित अहिले कार्यरत करिब ९० प्रतिशत सचिव (विशिष्ट श्रेणीका कर्मचारी) सेवाबाट बाहिरिने अवस्था बन्ने सामान्य प्रशासन मन्त्रालयका अधिकारीहरूको भनाइ छ।

यसको असर सचिवमा मात्र सीमित हुने छैन। सहसचिव र उपसचिव तहमा पनि पर्नेछ। प्रशासन




सेवाका ३३३ सहसचिवमध्ये २४१ जना अवकाशमा पर्ने सरकारी स्रोतले जनाएको छ।

राजस्व प्रशासनतर्फका १८३ उपसचिवमध्ये ३४ जना पनि प्रभावित हुनेछन्।

**पेन्सनमा के हेरफेर ?**

लोकसेवा आयोगको रायलाई समेत मध्यनजर गर्दै ५५ वर्षमा अनिवार्य अवकाश पाउने कर्मचारीको पेन्सन सुविधामा केही हेरफेर गरिएको सरकारको उच्च स्रोतले जनाएको छ।

एक पटकका लागि ५५ वर्षमा अनिवार्य अवकाश पाउने कर्मचारीको पेन्सन सुविधाका लागि ५८ वर्ष उमेरलाई आधार बनाएर सेवा अवधि गणना हुने व्यवस्था गरिएको स्रोतले बतायो।

'भोलि कानुनी झमेला बेहोर्नु नपर्ने गरी पेन्सन सुविधाको विषयमा केही हेरफेर गरिएको छ। ५५ वर्षमा अवकाश पाउने कर्मचारीको पेन्सन गणना तीन वर्ष थप काम गरेको आधारमा हुनेछ,' सरकारको उच्च स्रोतले भन्यो।

तर मन्त्रिपरिषद गएको विधेयकमा पेन्सन गणना क्रममा कुल सेवा वर्षलाई अधिकतम ३० वर्ष कायम गरी त्यसलाई अन्तिम तलबले गुणा गरेर ५० ले भाग गर्ने व्यवस्था गरिएको छ।

यसमा ५५ वर्षमा अवकाश पाउने कर्मचारीको तीन वर्ष थप सेवा गणना गर्ने व्यवस्था कसरी लागू हुन्छ भन्ने विषय प्रस्ट गरिएको छैन।

विधेयकको दफा ६२ अनुसार २० वर्ष वा त्योभन्दा बढी सेवा गरेका कर्मचारीले निवृत्तिभरण पाउनेछन्। तर पेन्सन गणनामा सेवा अवधिको अधिकतम सीमा ३० वर्ष प्रस्ताव गरिएको छ।

यसको अर्थ ३० वर्षभन्दा बढी सेवा गरेका कर्मचारीको अतिरिक्त सेवा अवधि पेन्सनमा जोडिने छैन।

हालको निजामती सेवा ऐन, २०४९ मा यस्तो अधिकतम सीमा छैन। ४० वर्ष सेवा गरेको कर्मचारीको पेन्सनमा ४० वर्ष नै गणना हुने व्यवस्था छ।

**विशेषज्ञ तथा प्राविधिक पदमा करार**

विधेयकमा विशेषज्ञ तथा प्राविधिक प्रमुख पदमा निश्चित अवधिका लागि करारमा नियुक्त गर्न सकिने व्यवस्था पनि गरिएको छ।

तर सचिव वा सहसचिव तहका कर्मचारी करारमा नियुक्त हुने हो वा अन्य विशेषज्ञ तथा प्राविधिक पदमा मात्र यस्तो व्यवस्था लागू हुने हो भन्ने विषय प्रस्ट गरिएको छैन।

**सुरुको मस्यौदाभन्दा फेरियो**

अहिले संसदमा पठाउन स्वीकृत भएको विधेयक सुरुमा तयार गरिएको मस्यौदाभन्दा फरक छ। सुरुमा सचिवको पदावधि दुई वर्ष र थप एक वर्ष गर्न सकिने प्रस्ताव थियो। अहिले सचिवको पदावधि तीन वर्ष कायम गरिएको छ।

उमेर हदमा पनि परिवर्तन गरिएको छ। सुरुमा संक्रमणकालीन रूपमा ५८, ५९ हुँदै ६० वर्ष उमेर हद कायम गर्ने प्रस्ताव थियो। अहिले एक पटकका लागि ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई अनिवार्य अवकाश दिने व्यवस्था राखिएको छ।

बाँकी पृष्ठ ४

## सुखीपुरका प्रहरी प्रमुखमाथि तस्करीमा संरक्षणको ..............

जिल्ला तानिएको हो।

यसैबीच, सुखीपुरमा सवारीसाधनका पार्टपुर्जा खोलिएको घटनासँग सम्बन्धित विषयमा पत्रकारसँग छलफल भइरहेका बेला वरिष्ठ सई यादवले पत्रकारलाई गलति भएको स्वीकार गर्दै रकम दिँदै गरेको देखिने भिडियोसमेत सार्वजनिक भएको छ।

रकम दिएको भनिएको घटनाको विषयमा यादवको स्पष्ट धारणा सार्वजनिक भएको छैन। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक वासुदेव पाठ र सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालसँग यस विषयमा प्रतिक्रिया लिन सम्पर्क गर्ने प्रयास गरिए पनि सम्पर्क हुन सकेन।

घटनासँग सम्बन्धित स्रोतले सुखीपुरको घटना एउटा उदाहरण मात्र भएको दाबी गर्दै जिल्लाका विभिन्न सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणका नाममा आर्थिक लेनदेन हुने गरेको आरोप लगाएको छ। तस्करीबाट उठाइएको रकम माथिल्लो तहसम्म पुग्ने गरेको दाबीसमेत स्रोतले गरेको छ।

घटनाबारे जिल्ला प्रहरी कार्यालयले अनुसन्धान अघि बढाएको जनाएको छ। अनुसन्धानबाट आरोपको सत्यतथ्य स्पष्ट हुने अपेक्षा गरिएको छ।

## धमाधम मल भित्रिन थालेपछि वीरगन्जमा ...............

भारतबाट ३० हजार टन युरिया मल खरिद गरेको छ। त्यसमध्ये २ हजार ६ सय ५४ टन युरिया वीरगन्जस्थित कृषि सामग्री कम्पनीका गोदाममा भित्रिसकेको छ। कुल ३० हजार टनमध्ये ११ हजार ५ सय टन युरिया वीरगन्ज प्रादेशिक कार्यालयका लागि छुट्याइएको छ।

बाँकी युरिया भैरहवा र विराटनगर प्रादेशिक कार्यालयका लागि हो। भैरहवा कार्यालयका लागि छुट्याइएको मलसमेत वीरगन्ज नाकाबाटै नेपाल भित्र्याइँदै छ। वीरगन्ज नाकाबाट भित्रिएको मल सम्बन्धित प्रादेशिक कार्यालयमा पठाउने व्यवस्था गरिएको कम्पनीले जनाएको छ।

त्यस्तै, जिटुजी प्रक्रियामार्फत भारतबाट २० हजार टन डिएपी खरिद गरिएको छ। त्यसमध्ये हालसम्म ४ हजार ९ सय ७७ टन वीरगन्जमा भण्डारण भइसकेको शर्माले बताए। कुल डिएपीमध्ये ७ हजार ६ सय टन वीरगन्ज प्रादेशिक कार्यालयका लागि छुट्याइएको छ। बाँकी डिएपी भैरहवा र विराटनगर प्रादेशिक कार्यालयका लागि हो।

जिटुजी प्रक्रियाबाट भित्रिएको मलसहित कम्पनीका वीरगन्जस्थित गोदाममा हाल १५ हजार ७ सय टन युरिया, ८ हजार ९ सय ६४ टन डिएपी र ३ हजार ४ सय ७१ टन पोटास मौज्दात रहेको छ। हाल मौज्दात रहेको तथा थप भित्रिने मल आगामी हिउँदे बालीका लागि वितरण गरिने कम्पनीले जनाएको छ। विशेषगरी गहुँ र तेलहन बालीका लागि मल आवश्यक पर्ने भएकाले अहिले आएको मल त्यसैअनुसार वितरण गरिने शर्माले बताए। धान बालीका लागि भने अहिले युरिया र डिएपीको माग नरहेको उनको भनाइ छ।

यता वीरगन्ज नाकाबाट थप परिमाणमा मल भित्र्याउने तयारी भइरहेकाले भण्डारणको समस्या अझ बढ्ने देखिएको छ। कम्पनीले ग्लोबल टेन्डरमार्फत थप ३० हजार टन युरिया र ३० हजार टन डिएपी खरिद गरेको छ। यी दुई छुट्टाछुट्टै कन्साइनमेन्ट केही दिनमै नेपाल भित्रिन थाल्ने कम्पनीले जनाएको छ।

वीरगन्ज नाका नेपालमा रासायनिक मल आयात हुने प्रमुख नाका हो। भारतबाट आउने मलको ठूलो हिस्सा यही नाकाबाट नेपाल भित्रिन्छ। वीरगन्जबाट भित्रिएको मल मधेश प्रदेशका साथै अन्य प्रदेशका लागि समेत आपूर्ति हुँदै आएको छ।

मलको मागअनुसार आपूर्ति सुनिश्चित गर्न आयात बढाइए पनि त्यसअनुसारको भण्डारण पूर्वाधार पर्याप्त नहुँदा अहिले वीरगन्जमा मल व्यवस्थापन चुनौती बनेको हो। थप ६० हजार टन मल भित्रिन थालेपछि तत्काल वैकल्पिक भण्डारणको व्यवस्था गर्नुपर्ने अवस्था देखिएको शर्मा बताउँछन्।




# श्री आधारभूत विद्यालय मटियर्वा

**मिचैंया न.पा.-६, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## शिक्षक आवश्यकता सम्बन्धि सुचना

यस विद्यालयमा प्रा.शि.तृतीय साधारण दरबन्दीमा संख्या-१ (एक) रिक्त रहेकोले सो रिक्त दरबन्दीमा मिचैंया न.पा. शिक्षा युवा तथा खेलकुद शाखाको च.न. ५२ मिति २०८३/०६/०८ र शिक्षा विकाश तथा समन्वय इकाई सिरहाको च.न.३८६ मिति २०८३/०६/०९ गतेको प्राप्त पत्रनुसार र वि.व्य.स.को मिति २०८३/०६/०९ गतेको निर्णय अनुसार तपसिलका मापदण्ड पुरा गरेका उमेदवारहरुमा दरखास्त आहवान गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या |
|---|---|---|---|---|
| १. | १/२०८३/२०८४ | प्रा.शि. सधारण दरबन्दी करार | प्रा.शि.तृतीय | १ (एक) |

१. **उमेर हद :** १८ वर्ष पुरा भई वर्ष ४० वर्ष ननाघेको।
२. **शैक्षिक योग्यता :** आइ.एड वा सो सरह।
३. **आवश्यक कागजातहरु :** शैक्षिक योग्यताका प्रमाण पत्रहरू, नेपाली नागरीकता प्रमाण पत्र, निरोगिता का प्रमाण पत्र, स्थायी अध्यापन अनुमतिपत्र, पासपोर्ट साइजको फोटो - २ प्रति, हस्तलिखित निवेदन (सबै आवश्यक कागजातहरू को २/२ प्रति छायाँकपी २ ओटा फाइलमा राखी पेश गर्नु पर्नेछ।
४. **तलव :** नेपाल सरकारको प्रचलित कानुन बमोजिम क्रमश:
५. **दरखास्त दस्तुर :** प्रा.शि रु १२००/-
६. **दरखास्त दिने मिति :** २०८३/०६/१४ देखी २०८३/०७/१२ सम्म करार सुचि योग्यता क्रममा भएका को लागि समेत (समय १० बजे देखि ४ बजे सम्म)
७. **दरखास्त दिने स्थान :** श्री आ.वि. मटियर्वा, मिचैंया- ६ (सिरहा)
८. **परीक्षाको किसिम :** लिखित (सामान्य र विषयगत), **अन्तवार्ता** (आवश्यकतानुसार प्रयोगात्मक समेत)
९. **सम्पर्क मिति :** २०८३/०७/१३ गते
१०. **परीक्षा मिति र स्थान :** सम्पर्क मितिमा तोकिनेछ।
११. **थप जानकारी का लागी सम्पर्क नं. ९८११७५०७२७, ९८०७७३७०९२**

## निजामती विधेयक कस्तो बनेर .............

पेन्सनमा तत्काल कायम व्यवस्था नै निरन्तरता दिने प्रस्ताव पनि सुरूको मस्यौदामा थियो। पछि पेन्सन सम्बन्धी व्यवस्था परिवर्तन गरिएको स्रोतको भनाइ छ।

**संसदमा पुगेपछि कर्मचारी 'खुसी'**

विधेयकका प्रावधानप्रति कर्मचारीहरू सन्तुष्ट भने छैनन्। तर संसदमा पुगेपछि दफाबार छलफलबाट केही सुधार हुने अपेक्षा उनीहरूले गरेका छन्।

'विधेयकका प्रावधान धेरै चित्तबुझ्दो छैन। यसले निजामती प्रशासन निकै कमजोर बनाउँछ। हामीलाई कतै अध्यादेशबाट आउने हो कि भन्ने लागेको थियो। संसदमा गएपछि कानुन निर्माताले पक्कै विचार गर्नुहुनेछ,' एक सचिवले भने।

पछिल्ला महिना कर्मचारीको राजीनामा पनि बढेको छ। असार, साउन र भदौमा मात्रै ४१८ जना कर्मचारीले राजीनामा दिएका छन्।

असोज लागेपछि पनि राजीनामा दिने क्रम बढेको अधिकारीहरू बताउँछन्।

**लोकसेवा आयोगको राय के थियो ?**

विधेयकमा ३० वर्ष सेवा वा ५५ वर्ष उमेर पुगेपछि अवकाश दिने व्यवस्थामा लोकसेवा आयोगले प्रश्न उठाएको थियो। आयोगले अवकाशको उमेर सबै कर्मचारीका लागि समान हुनुपर्ने राय दिएको थियो।

अहिले प्रस्ताव गरिएजस्तो फरक व्यवस्था गर्न स्पष्ट र न्यायसम्मत आधार नभएको आयोगले उल्लेख गरेको थियो।

'अवकाशको उमेर सबै कर्मचारीका लागि समान हुनुपर्छ। ३० वर्ष सेवा वा ५५ वर्ष उमेरको फरक व्यवस्थाले कर्मचारीबीच विभेद सिर्जना गर्छ,' आयोगको रायमा भनिएको थियो।

सचिवको पदावधि घटाउने वा बढाउने अधिकार सरकारलाई कानुनबाट दिन सकिने भए पनि पुरानो सेवा-सर्त अनुसार नियुक्त भएका कर्मचारीको सुविधा सुनिश्चित गर्नुपर्ने आयोगको राय थियो।

'पुरानो सेवा-सर्त अनुसार पाँच वर्ष पदावधि तोकिएकाको अवधि घटाउँदा त्यसबाट पर्ने असरको क्षतिपूर्ति वा सुविधा सुनिश्चित गर्नुपर्छ,' आयोगको रायमा उल्लेख थियो।

विगतमा भर्ना भएका कर्मचारीका हकमा पेन्सन गणना पनि सेवा प्रवेश गर्दाको सर्त अनुसार गर्नुपर्ने राय आयोगले दिएको थियो।




## कमला नदीमा नुहाउने क्रममा बेपत्ता चालकको खोजीमा ............

पाएलगत्तै सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस कल्याणपुरबाट विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त सुरक्षाकर्मीसहितको टोली परिचालन गरी खोजी सुरु गरिएको थियो। घटनाकै दिन २२ जना सुरक्षाकर्मी खोजी तथा उद्धारमा खटिएका थिए।

त्यसपछि खोजीलाई निरन्तरता दिँदै आइतबार र सोमबार ४२-४२ जना सुरक्षाकर्मी परिचालन गरिएको थियो। सुरक्षाकर्मीले कमला नदी तथा आसपासका सम्भावित स्थानमा खोजी गरे पनि दुलाल फेला पर्न सकेका थिएनन्।

निरन्तरको खोजीपछि सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीबाट मंगलबार सात सदस्यीय गोताखोर टोली झिकाइएको छ। सशस्त्र प्रहरी नायब निरीक्षकको कमाण्डमा आएको गोताखोर टोली र सुरक्षा बेस कल्याणपुरबाट परिचालित २० जनाको संयुक्त टोलीले मंगलबार दिउँसो ३:४० बजेदेखि नदीमा खोजी तथा उद्धार कार्य सुरु गरेको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले भोक्राहादेखि सारश्वर, बेलहा र बसबिट्टासम्म कमला नदी तथा तटीय क्षेत्रमा खोजी गरिरहेको छ।

'धनुषा प्रहरीसँग पनि समन्वय गरी तटीय क्षेत्रमा खोजी भइरहेको छ,' उनले भने, 'आइतबार साँझसम्म नदीमा पानीको बहाव बढेको थियो। त्यसपछि बहाव क्रमशः घट्दै गएकाले सम्भावित स्थानमा खोजीलाई तीव्रता दिइएको छ।'

दुलालकी श्रीमतीसहित आफन्तहरू आइतबार प्रहरीको सम्पर्कमा आएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार नदीमा नुहाउन पसेलगत्तै अकस्मात् आएको भेलले दुलाललाई बगाएको प्रारम्भिक जानकारी प्राप्त भएको थियो। त्यसपछि इलाका प्रहरी कार्यालय मिर्चैया, सशस्त्र प्रहरी सुरक्षा बेस कल्याणपुर तथा अस्थायी प्रहरी पोस्टबाट सुरक्षाकर्मी परिचालन गरी खोजी भइरहेको छ।

सशस्त्र प्रहरीका अनुसार गोताखोर टोलीले नदीको गहिरो भाग, पानी घुम्ने स्थान, नदीकिनारका झाडी तथा दुलाल बगेर पुग्न सक्ने सम्भावित क्षेत्रमा खोजी गरिरहेको छ।


## शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं ।
- मतभेदलाई संवाद, सहकार्य र समभ्कदारीबाट समाधान गरौं ।
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं ।
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं ।
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं ।
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं ।
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# भारतमा ककरोच पार्टीले किन आह्वान गर्‍यो 'जेल भरो आन्दोलन' ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १३ गते**

भारतको ककरोच जनता पार्टी (सीजेपी) का संस्थापक अभिजीत दीपकेले अक्टोबर २ देखि 'जेल भरो आन्दोलन' सुरु गर्ने घोषणा गरेका छन्। गान्धी जयन्तीको छेको पारेर मुम्बईको शिवाजी पार्कबाट उक्त आन्दोलनको सुरुवात हुनेछ।

यद्यपि, मुम्बई प्रहरीले दीपकेलाई प्रदर्शनको अनुमति भने दिएको छैन। उनले यो कुरा सामाजिक सञ्जाल 'एक्स' मार्फत जानकारी दिएका छन्। प्रहरीको यस निर्णयलाई उनले आमनागरिकको आवाज दबाउने योजनाका रूपमा लिएका छन्। सो योजनालाई विफल तुल्याउन उनले पूर्वनिर्धारित दिनमै प्रदर्शन सुरु गर्ने बताएका छन्।

मुम्बई प्रहरीप्रति असन्तोष जनाउँदै उनले लेखेका छन्, 'मुम्बई प्रहरीले अक्टोबर २ मा हुने हाम्रो प्रदर्शनको अनुमति पनि अस्वीकार गरेको छ, नागरिकको आवाज दबाउने यस्ता हत्कन्डा बिलकुलै अस्वीकार्य छन्।'



त्यसलगत्तै २८ सेप्टेम्बरमा उनले 'जेल भरो आन्दोलन' को घोषणा गर्दै छोटो र स्पष्ट पोस्ट गरेका थिए।

**किन आह्वान भयो यो आन्दोलन ?**

यस आन्दोलनको जग बुझ्न इन्डियन एक्सप्रेसले गरेको एक्सक्लुसिभ रिपोर्टिङमा फर्कनुपर्छ।

इन्डियन एक्सप्रेसकी पत्रकार रितिका चोपडाले गरेको खोज रिपोर्टअनुसार, अक्टोबर २०२५ देखि सुरु भएको स्पेसल इन्टेन्सिभ रिभिजन (एसआईआर) अभियानमार्फत देशका ३० वटा राज्य तथा केन्द्र शासित प्रदेशहरूबाट १३ करोडभन्दा बढी मतदाताको नाम मस्यौदा सूचीबाट हटाइएपछि निर्वाचन आयोगका मुख्य अधिकारीहरूबीच नै गम्भीर मतभेद भएको थियो।

तीन सदस्यीय निर्वाचन आयोगका दुई जना निर्वाचन आयुक्त सुखवीर सिंह सन्धु र विवेक जोशीले आयोगका प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको कार्यशैली र निर्णय प्रक्रियाप्रति लिखित आपत्ति दर्ज गराएका थिए।

भारतको निर्वाचन आयोग र मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारमाथि मतदाता नामावलीमा धाँधली गरेको र निष्पक्ष रूपमा काम नगरेको आरोप लगाउँदै सीजेपीले यो विरोधको जग बसालेको हो।

सीजेपीका संस्थापक अभिजीत दीपकेले नयाँदिल्लीमा आयोजित पत्रकार सम्मेलनमा आयोगको कार्यशैली लोकतन्त्रविरोधी र सत्तारूढ दल अनुकूल भएको आरोप लगाएका थिए। पार्टीका अन्य सह-संयोजकहरूसँगै मञ्चमा बसेर उनले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग्दै ४८ घन्टे अल्टिमेटम दिएका थिए।

'कुल मिलाएर १३ करोडभन्दा बढी मतहरू (नामावलीबाट) हटाइएका छन्। यो सानो सङ्ख्या होइन। यो किन गरिँदै छ ? यति धेरै भोटहरू हटाउनुपर्ने आवश्यकता के थियो ?' दीपकेले सम्मेलनलाई सम्बोधन गर्दै भनेका थिए।

यसका साथै उनले ज्ञानेश कुमार भारतीय लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा भएको बताएका थिए। मतदानको अधिकार खोस्ने अधिकार ज्ञानेश कुमारलाई नभएको भन्दै उनले उनीमाथि प्रश्न उठाएका थिए।

यसका साथै उनले निर्वाचन आयुक्तको कदमलाई देशमा प्रतिपक्षी सिध्याउने कदमका रूपमा व्याख्या गरेका थिए। सीजेपीले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई सेप्टेम्बर २६ सम्म राजीनामा दिन अल्टिमेटम दिएको थियो; राजीनामा नदिएपछि आन्दोलनको घोषणा गरिएको हो।

त्यसपछि दीपकेले मुम्बईको ऐतिहासिक शिवाजी पार्कमा शान्तिपूर्ण प्रदर्शन गर्ने अनुमतिका लागि मुम्बई प्रहरीमा निवेदन दिएका थिए। तर मुम्बई पुलिसले उक्त निवेदन अस्वीकार गर्दै प्रदर्शनको अनुमति दिन मानेन।

मुम्बई पुलिसले सीजेपीको निवेदन खारेज गर्नुका पछाडि मुख्य रूपमा ध्वनि प्रदूषण, ट्राफिक व्यवस्थापन र बम्बे उच्च अदालतको पुरानो आदेशलाई कारण देखाएको छ।

प्रहरीले शिवाजी पार्क क्षेत्रलाई 'साइलेन्स जोन' का रूपमा तोकिएको उल्लेख गर्दै बम्बे उच्च अदालतको आदेशअनुसार त्यहाँ सर्वसाधारणको शान्ति र वातावरण सुरक्षाका लागि ठूला राजनीतिक तथा सार्वजनिक प्रदर्शन गर्न कडा प्रतिबन्ध रहेको प्रस्ट्याएको छ।

अक्टोबर २ को सार्वजनिक बिदाका दिन शिवाजी पार्कआसपास व्यापक ट्राफिक जाम हुने र माइकिङ तथा प्रदर्शनले स्थानीय बासिन्दाहरूलाई ध्वनि प्रदूषणको समस्या हुने तर्क प्रहरीले दिएको छ।

चाडपर्व तथा अन्य सार्वजनिक कार्यक्रमहरूको समयमा कानुन र व्यवस्था कायम राख्न प्रहरी बल व्यस्त रहने भएकाले राजनीतिक प्रदर्शनका लागि सुरक्षा दिन नसकिने प्रहरीको भनाइ छ।

प्रहरीले शिवाजी पार्कमा सभा वा प्रदर्शन गर्न नदिएपछि सीजेपीले आफ्नो रणनीति बदलेको छ। दीपकेले प्रहरीको रोकका बाबजुद आफ्ना समर्थकहरूलाई शिवाजी पार्क क्षेत्र र नजिकैका प्रहरी कार्यालयहरूमा पुगेर स्वतःस्फूर्त रूपमा गिरफ्तारी दिन आह्वान गरेका छन्।

'यदि तपाईंहरू हामीलाई पार्कमा शान्तिपूर्ण रूपमा बस्न दिनुहुन्न भने आफ्ना जेलहरू खोल्नुहोस्। अक्टोबर २ मा हामी शान्तिपूर्ण रूपमा शिवाजी पार्कतर्फ अघि बढ्नेछौं र आफूलाई प्रहरीसामु सुम्पिनेछौं। हामी सबैलाई गिरफ्तार गर्नुहोस्,' दीपकेले लेखेका छन्।

गान्धीवादी शैलीमा सत्याग्रह गर्दै गिरफ्तारी दिएर जेलहरू भर्ने रणनीतिमार्फत लोकतन्त्र र निर्वाचन आयोगको निष्पक्षता बचाउने सीजेपीको मुख्य उद्देश्य रहेको देखिन्छ।

## सिरहामा सशस्त्र ..........

वर्षको साउन र भदौमा मात्रै सिरहाका विभिन्न सीमा क्षेत्रबाट करिब २ करोड ९५ लाख रुपैयाँ बराबरका अवैध चोरी-निकासी तथा पैठारीका सामान बरामद गरी भन्सार दाखिला गरिएको थियो।

त्यस्तै, असोज ११ गतेसम्म थप करिब ५३ लाख रुपैयाँ बराबरका अवैध सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।




